**निर्णय नं. १**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८१ साल असार २५ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरू र मिति २०८१/०३/२६ गतेको १६ औं नगर सभाको निर्णयहरू सम्बन्धमा समिक्षा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं (महाशाखा नं. ९) को चलानी ३४१२, मिति २०८१/०४/१५ गतेको पत्र प्राप्त भई बैठकमा अवगत भयो । सो पत्रमा उल्लेखित सब इन्जिनियर र अ.सब इन्जिनियरको स्थायी पदपुर्ति सम्बन्धमा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंबाट यस चौतारा साँगाचोकगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वीकृत दरबन्दी तेरिज अनुसार हाल यस नगरपालिकाको कार्यालयमा रिक्त रहेका देहाय बमोजिमका पदहरूमा स्थायी पदपूर्ति गर्नका लागि प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौंडा, मकवानपुरमा पठाउने र सोको जानकारी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंमा पठाउने निर्णय गरियो ।

**तपशिल :**

| क्र.सं. | पद | तह | सेवा | समूह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सब इन्जिनियर | पाँचौं | इन्जि. | सिभिल | ६ | |
| २. | अ.सब इन्जिनियर | चौथो | इन्जि. | सिभिल | ८ | |
| ३. | अमिन | चौथो | इन्जि. | सर्भे | १ | |

**निर्णय नं. ३**

चौतारा साँगाचोकगढी नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वःमुल्याङ्कन (LISA) र स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) सम्बन्धमा विस्तृत छलफल गरियो ।

**निर्णय नं. ४**

चौतारा साँगाचोकगढी नगरपालिकाको नगर सल्लाहकार श्री चन्द्र प्रसाद सापकोटाले मिति २०८१/०४/२७ गते दिएको निवेदन अनुसार निज मिति २०७४ साल देखि नगर सल्लाहकारको रूपमा कामकाज गर्दै आएकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंबाट पटक पटक पारिश्रमिकको विषयमा लेखि आएकोमा हाल निजले यस नगरपालिकाबाट कुनैपनि पारिश्रमिक नलिने गरी समेत यस नगरपालिकाको व्यवस्थित र योजनाबद्ध विकास निर्माणमा सल्लाह सहयोग र संघीय सरकार, प्रदेश सरकार र जिल्ला भित्रका अन्य कार्यालयहरूसँग समन्वय र सहकार्य गर्न नगर सल्लाहकारको रूपमा कामकाज गर्न मञ्जुर भएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुने गरी आर्थिक वर्ष २०८१/०८२ बाट निज नगर सल्लाहकारलाई पारिश्रमिक उपलब्ध नहुने गरी नगर सल्लाहकारको रूपमा कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

चौतारा साँगाचोकगढी नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा रहेको नगरस्तरीय अनुगमन समितिले विभिन्न मिति र समयमा स्थलगत अनुगमन गरी तयार गरेको प्रतिवेदन यस बैठकमा अनुमोदन गरियो । साथै उक्त प्रतिवेदन फरफारक गर्ने निर्णय गरियो ।

२०८१/०४/३०